बैठक मितिः २०७७/१२/०९

बैठक सङ्ख्याः २१

**छलफल तथा निर्णयः**

१. युवा तथा खेलकुद मन्त्रालयबाट अनुरोध भई आएको झापा जिल्ला, दमक नगरपालिका वडा नं. ३ बाघखोरमा निर्माण हुने मदन भण्डारी खेलकुद रङ्गशाला निर्माण आयोजनाको बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्ने सन्दर्भमा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सहमति माग गर्ने ।

२. मयुरधाप, दैजी र नौबस्ता औद्योगिक क्षेत्रहरूको निर्माण गर्न आयोजनाको बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्ने सन्दर्भमा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सहंमति मांग गर्ने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयवाट प्राप्त देहाय वमोजिमका आयोजनाहरूको बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा मापदण्डबमोजिम नपुग विवरण माग गरी स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सहमति माग गर्नेः

- सुरूङ्ग मार्ग विकास कार्यक्रम अन्तर्गत लामावगर सुरूङ्ग मार्ग
- सुकेटार-देउराली-काफलपाटी-पाथिभरा सडक

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयवाट बहुवर्षीय ठेक्का स्वीकृतिका लागि प्राप्त सुकेपोखरी छातेढुङ्गा ईबा हाकु चोकपुर ढुङ्गेसाँघु सडकको निगुरादीन-हाङ्गपाङ्ग खण्ड आयोजनाको सम्बन्धमा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सहमति माग गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयवाट बहुवर्षीय ठेक्का स्वीकृतिका लागि प्राप्त देहायका आयोजनाहरुका सम्बन्धमा अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितताको सहमति प्राप्त हुन आएको हुँदा उक्त मन्त्रालयबाट सहमति प्राप्त भएबमोजिम हुने गरी बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्नेः

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १. | शान्तिनगर मेचीडाँगी चोक (बाहुनडाँगी झापा) | |
| २. | अमरपुर-हिलिहांग चोक- मेचि राजमार्ग हुँदै जोरपोखरी तान्गलेपा फलोट-भारत सिमाना सडक | |
| ३. | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम- उत्तरे-यासेक-लुम्बुघाट-म्यांलुंग सडक २२ कि.मि. | |

| | | |
|---|---|---|
| ४. | डुम्रे बेशीशहर-चामे-मनाङ सडकको वेशी सहर- चामे खण्ड | |
| ५. | अमेलिया-तुल्सिपुर-सितलपाटी सडकको ३५.८७५ कि.मि. | प्रारम्भिक वातावरणीय परीक्षणपुरानो भएकोले Revised IEE चाहिने |
| ६. | धरान-केराबारी-लेटाङ मधुमल्ला | |
| ७. | सालझण्डी-सन्धिखर्क-ढोरपाटन ( बुर्तिबांग देखि दवाल खोला ) | |
| ८ | कालिगण्डकी कोरिडोर वेनी जोमसोम कोरला ( जोमसोम देखि कागवेनी ) | |
| ९ | मदन भण्डारी राजमार्ग अन्तर्गतको बोटेचौर-भेडावारी-धुलियाघाट खण्ड,(सुर्खेत) सडक | |
| १० | चतारा-मुलघाट-माझीटार-दोभान-ओलाङचुङ्गोला (तमोर कोरीडोर) सोभाङ देखि थिवा सडक | |

६. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट प्राप्त देहाय बमोजिमका आयोजनाहरूको बहुवर्षीय ठेक्काको लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा मापदण्ड बमोजिम नपुग विवरण माग गरी स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा सहमति माग गर्ने:

- नारायणी नदी व्यवस्थापन आयोजना भरतपुर चितवनबाट सञ्चालित कार्यक्रम
- कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजनाको पूर्ण बिस्तार अन्तर्गत ढुङ्गेसाँधु GIS स्टेसन निर्माण ।

७. नेपाललाई धानमा आत्मनिर्भर बनाउने उद्देश्य राखेको Hybrid Rice Technology Transfer to Achieve Self Sufficiency in Nepal आयोजना सञ्चालन गर्न उपयुक्त हुने राय अर्थ मन्त्रालय र कृषि तथा पशुपन्छी मन्त्रालयमा पठाउने ।